

जिल्ला समन्वय समितिको कार्यालय, कास्की

(सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ५(३) र नियमावली, २०६५ को नियम ३ बमोजिम प्रकाशित)



स्वतः प्रकाशन (Proactive Disclours) आ.व.२०८३/८४ को

प्रथम त्रैमासिक(श्रावण—आश्विन)



<u>प्रकाशक</u>

जिल्ला समन्वय समितिको कार्यालय, कास्की

०

स्वतः प्रकाशन (Proactive Disclosure)

नेपालको संविधानको धारा २७ मा रहेको नागरिकको सूचनाको हकको व्यवस्था वमोजिम सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ५ र सूचनाको हकसम्बन्धी नियमावली, २०६५ मा प्रत्येक सार्वजनिक निकायले आफ्ना गतिविधिहरूको विवरण ३/३ महिनामा प्रकाशित गर्नु पर्ने कानूनी व्यवस्था छ । यसका लागि ऐन र नियमावलीमा गरी २० वटा शीर्षक उल्लेख गरिएका छन् । अनुगमन र समन्वयको महत्वपुण जिम्मेवारी भएको यस कार्यालयले आ.व ०८३।८४ को श्रावण देखि आश्विन मसान्त सम्मको त्रैमासिक मा भए गरेका सम्पादित कामहरुको कृयाकलाप स्वत प्रकासन गरिएको छ ।

विषयसूची

१. कार्यालयको स्वरुप र प्रकृति :....4

२. कार्यालयको काम कर्तव्य र अधिकार....4

३. कार्यालयको संगठन संरचना रहने कर्मचारी संख्या र कार्य विवरणः....5

३.१ स्वीकृत संगठन संरचना :....5

३.२ दरवन्दी र कार्यरत कर्मचारी संख्या :....6

३. ३ शाखागत कार्य विवरण :....7

३.३.१ व्यवस्थापन शाखा :....7

३.३.२. अनुगमन तथा मुल्यांकन शाखा :....7

४. सम्पादन गरिएका मुख्य कामहरुः....7

४.१ जिल्ला समन्वय समितिको वैठक....7

४.२. अनुगमन तथा निरीक्षण :....11

४.३. जिल्ला समन्वय समितिको स्थापना दिवस विविध कार्यक्रमः....11

४.३.१ निवन्ध प्रतियोगिता :....11

४.३.२ अन्तरक्रिया कार्यक्रम :....12

४.४, जिल्ला परियोजना सल्लाहकार समितिको वैठक :....12

४.५ वार्षिक समिक्षा कार्यक्रम....12

४.५.१ स्थानीय तहको असल अभ्यास अनुभव आदान प्रदान तथा वार्षिक समिक्षा :....12

४.५.२ विषयगत कार्यालयको वार्षिक समिक्षा कार्यक्रम :....13

४.५.३ गैर सरकारी संस्थाहरुको वार्षिक समिक्षा कार्यक्रमः....14

४.६ अन्तरक्रिया तथा समन्वय वैठक कार्यक्रम....15

४.६.१ गाउँपालिका तथा नगरपालिका र वडाको संख्या तथा सिमाना हेरफेर र नगरपालिका वर्गीकरणको पुनरावलोकन जिल्लास्तरिय पुनरावलोकन अध्ययन समितिको बैठक तथा अन्तरक्रिया कार्यक्रम....15

४.६.२ मानव अधिकार सम्बन्धि छैटौं राष्ट्रिय कार्ययोजना (आ.ब.२०८३/८४-२०८७/८८) कार्ययोजना कार्यान्वयन जिल्ला समन्वय बैठक तथा अन्तरक्रिया कार्यक्रमः....16

४.६.३ बिकास समन्वय बैठक : 16
४.६.४ कलेजका संचालकहरूसग अन्तरक्रिया तथा छलफल : 17
४.६.५ न्युनतम पारिश्रमिक ,श्रम ऐन र सामाजिक सुरक्षा सम्वन्धि अन्तरक्रिया कार्यक्रम : 17
४.६.६ पालिकाहरूको पुनरावलोकन सम्बन्धमा गठित कास्की जिल्ला स्तरिय अध्ययन समितिको अन्नपूर्ण गाउँपालिकामा छलफल तथा अन्तरक्रिया कार्यक्रम : 18
४.६.७ यातायात क्षेत्रका समस्या र सरोकारका बिषयमा अन्तरक्रिया कार्यक्रम 19
४.८ वार्षिक कार्यक्रम सार्वजनिकीकरण तथा पत्रकार अन्तरक्रिया : 20
५. कार्यालय प्रमुख र सूचना अधिकारीको विवरण: 20
६. आम्दानी खर्चको विवरण (आ व ०८३/८४ प्रथम त्रामासिक) 20
७. विधमान ऐन नियम तथा कानुनहरु : 21

१. कार्यालयको स्वरुप र प्रकृति :

नेपालको संविधानले जिल्ला भित्ररहेका गांउपालिका तथा नगरपालिकाबीच समन्वय गर्न विकास निर्माण कार्यमा सन्तुलन कायम गर्न अनुगमन गर्ने तथा जिल्ला भित्र रहेका संघ प्रदेश का सरकारी कार्यालय र स्थानीय तहहरुबीच समन्वय कायम गर्ने कार्य जिम्मेवारीका साथ जिल्ला समन्य समितिको व्यवस्था गरेको छ । जिल्ला समन्वय समितिमा निर्वाचित निकायको रुपमा प्रमुख, उपप्रमुख र सदस्य सहित बढिमा ९ जना पदाधिकारी रहने व्यवस्था छ । सचिवालयमा नेपाल सरकारले स्वीकृत गरे अनुसारको प्रशासकिय प्रमुखको रुपमा रा. प द्वितीय श्रेणीको जिल्ला समन्वय अधिकारी र अन्य कर्मचारी रहने व्यवस्था छ । संघीयता कार्यन्वयन संगै समन्वय सहजीकरण मुख्य जिम्मेवारी र भुमिकाका साथ यस कास्की जिल्लामा जिल्ला समन्वय समितिको कार्यालय स्थापना भै पोखरा महानगरपालिका वडा नं- ७ शहिदचोकमा अवस्थित छ ।

२. कार्यालयको काम कर्तव्य र अधिकार

नेपालको संविधान अनुसार यस कार्यालयका काम कर्तव्य र अधिकार निम्न रहेको देखिन्छ

क) जिल्लाभित्रका गाउँपालिका र नगरपालिका बीच समन्वय गर्ने,

(ख) विकास तथा निर्माण सम्बन्धी कार्यमा सन्तुलन कायम गर्न सोको अनुगमन गर्ने,


(ग) जिल्लामा रहने संघीय र प्रदेश सरकारी कार्यालय र गाउँपालिका र नगरपालिका बीच समन्वय गर्ने,

(घ) प्रदेश कानून बमोजिमका अन्य कार्यहरू गर्ने ।

यसका अलावा स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ९२, संघ प्रदेश र स्थानीय तह समन्वय तथा अन्तर सम्वन्ध ऐन २०७७ को दफा २६, गण्डकी प्रदेश स्थानीय तह सभा संचालन सम्बन्धि कार्यबिधी ऐन २०७५ को परिच्छेद ४ लगायत संघीय तथा प्रादेशिक कानून, कार्यविधि मापदण्ड, निर्देशिका तथा विभिन्न मन्त्रालयहरुवाट प्राप्त परिपत्रहरुले यस कार्यालयको काम कर्तव्य र अधिकार तोकेको अवस्था रहेको छ ।विधमान संविधान तथा कानुनले तोके अनुसार हाल यस कार्यालयले आफ्नो कार्य सम्पादन गर्दै आएको छ ।

३. कार्यालयको संगठन संरचना रहने कर्मचारी संख्या र कार्य विवरणः

३.१ स्वीकृत संगठन संरचना :



३.२ दरवन्दी र कार्यरत कर्मचारी संख्या :

कार्यालयलाई आवश्यक पर्ने कर्मचारी नेपाल सरकारले व्यवस्था गर्ने कानूनी प्रावधान रहेको छ । हाल यस कार्यालयमा देहाय वमोजिमको १३ जना स्विकृत दरवन्दी रहेकोमा निम्नानुसार कर्मचारी कार्यरत रहेका छन्

सि नं	पद	श्रेणी	सेवा /समूह	स्वीकृत दरवन्दी संख्या	पदपूर्ति	कैफियत
१	जिल्ला समन्वय अधिकारी	रा.प.द्धितीय	प्रशासन / सामान्य प्रशासन	१	१	
२	शाखा अधिकृत	रा.प तृतीय	प्रशासन / सामान्य प्रशासन	१	१	
३	इन्जिनियर	रा.प तृतीय	इन्जि./सिभिल	१	१	
४	ना.सु	रा.प. अनं प्रथम	प्रशासन/सा.प्र.	१	१	
५	लेखापाल	रा.प. अनं प्रथम	प्रशासन/लेखा	१	१	
६	सव इन्जिनियर	रा.प. अनं प्रथम	इन्जि./सिभिल	१	रिक्त	लोकसेवा माग भएको
७	खरिदार	रा.प. अनं दितीय	प्रशासन/सा.प्र	१	१	
८	ह.स.चा	श्रेणी विहीन		२	२	सेवा करारवाट पदपूर्ति
९	कार्यालय सहयोगी	श्रेणी विहीन		३	३	
१०	ना.सु. सेवा करार	रा.प.अनं प्रथम		१	१	

- ✓ स्वीकृत कर्मचारी दरवन्दी संख्या १२ जना र निजि सचिवालय तर्फ १ गरी जम्मा १३ जना को दरवन्दी
- स्थायी कर्मचारी पूर्ति संख्या - ६ जना
- ✓ करार सेवा वाट पूर्ति कर्मचारी संख्या ६ जना
- ✓ रिक्त दरवन्दी - १ जना
- ✓ माली १ जना र सुरक्षा गार्ड २ जना सेवा करारमा लिइ आन्तरिक स्रोतवाट व्यवस्थापन

३. ३ शाखागत कार्य विवरण :

नेपाल सरकारवाट स्वीकृत संगठन तथा व्यवस्थापन सर्वेक्षण अनुसार कार्यालयमा निम्न बमोजिम शाखाहरू रहेका छन् र यी शाखाहरूको प्रमुख कार्यहरू देहाय अनुसार रहेको छ ।

३.३.१ व्यवस्थापन शाखा :

कार्यालयको व्यवस्थापन शाखाले आन्तरिक प्रशासन, जिन्सि, आर्थिक व्यवस्थापन, कार्यालय व्यवस्थापन, अनुगमन तथा समन्वयको सहजीकरण गर्दछ । हाल यस शाखाको शाखा प्रमुखको रुपमा शाखा अधिकृत श्री लक्षु शर्मा हुनुहुन्छ । शा. अ. लक्षु शर्मालाइ अधिकार प्रत्यायोजन गरी कामको विशेष जिम्मेवारी समेत तोकिएको छ ।

३.३.२. अनुगमन तथा मुल्यांकन शाखा :

जिल्ला भित्र सन्चालित विकास निर्माण सग सम्वन्धित कार्यको अनुगमन प्रतिवेदन तयार गर्ने लगायत प्राविधिक परीक्षण काम गर्दछ । हाल यस शाखाको शाखा प्रमुखकोरुपमा इ. महेश पोखरेल हुनुहुन्छ

४. सम्पादन गरिएका मुख्य कामहरुः

४.१ जिल्ला समन्वय समितिको वैठक

२०८३ श्रावण देखि आश्विन मसान्त सम्म ३ महिनाको अवधिमा जिल्ला समन्वय समितिको निम्नानुसार वैठक वसी देहायका महत्वपूर्ण निर्णयहरु गरेको ।

वैठक मिति	निर्णय संख्या	निर्णय
२०८३/४/१४	८	१. जिल्ला समन्वय समितिले मिति २०८३/०४/०८ गते स्थानीय तहको पून संरचना सम्बन्धी मापदण्ड २०८३ कार्यान्वयन गर्ने क्रममा राजनीतिक दल, संघीय सांसद तथा प्रदेश सभा सदस्यहरु वीच भएको छलफलको समिक्षा साथै कार्यालयबाट सम्पादित कामहरुको बारेमा जानकारी गराइयो । २. संघीयताको संस्थागत विकासको क्रममा स्थानीय तहको पहिलो निर्वाचन पश्चात जिससको निर्वाचन पछि पद बहाली भएको श्रावण २० गते लाई स्थापना दिवसको रुपमा मनाउँदै आइरहेको सन्दर्भमा यस वर्ष श्रावण २० लाई स्थापना दिवस कास्की जिल्लाका कक्षा ७ का विद्यार्थीहरुवीच निवन्ध प्रतियोगिता गरी मनाउने । यसको लागि श्रावण १८ गते प्रतियोगिताको आयोजना गरी निम्न बमोजिमको पुरस्कार तथा प्रमाणपत्र वितरण गर्ने निर्णय गरियो । <u>निम्न</u> प्रथम पुरस्कार रु १०,०००/-

द्वितीय पुरस्कार रु ७,०००/-
तृतीय पुरस्कार रु ५,०००/-
सान्तवना पुरस्कार रु २,५००/-
उल्लेखीत खर्च लगायत अन्य खर्च नेपाल सरकारबाट प्राप्त अनुदान बजेट उपशिर्षक नं.३६५००१०५३ शिर्षक नं १.३.५.१२ बाट खर्च गर्ने निर्णय गरियो ।

३. कार्यालयको दरवन्दीमा रहेको पदमा हाल सेवा करारमा कामकाज गरिरहेका हलुका सवारी चालक २, कार्यालय सहयोगी ३, प्रमुखज्यूको स्वकीय सचिव -१ पदमा रही सेवा गर्दै आइरहेका कर्मचारीहरुको आ.ब.२०८२/०८३ को कार्यसम्पादन मूल्याङ्कन उत्कृष्ट रहेको निजहरुले सेवा प्रदानलाई निरन्तरता दिन पाउँ भनी मिति २०८३/०३/३१ मा निवेदन दिएकोमा बजेटको परिधी भित्र रही आगामी २०८३ साल पौष मसान्त सम्मको लागि सेवा करारको म्याद थप गर्ने निर्णय गरियो ।

४. कार्यालयको सुरक्षाको लागि पाले पहराको दरबन्दी नभएको अवस्थामा सुरक्षा र मालीको लागि कार्यालयको आन्तरिक स्रोतबाट व्यवस्थापन गरी सुरक्षा गार्ड र माली राखीएकोमा सोको लागी आगामी २०८३ साल पौष मसान्तसम्मको लागि म्याद थप गरी निरन्तरता दिने निर्णय गरियो ।

५. कार्यालयको स्वामित्वमा रहेको सटर तथा जग्गा भाडामा लिई व्यवसाय गर्दै आइरहेका व्यवसायीहरुले २०८२ को जेन्जी आन्दोलनको कारण व्यवसायमा समेत हानी नोक्सान भै क्षती पुगेको कतिपयले क्षती ग्रस्त संरचनाको मर्मत सम्भार गरी पुन व्यवसाय संचालनमा ल्याउन गैरहेकोले सटर तथा जग्गाको भाडा सम्झौता थप गरी पाउँ भनी निवेदन दिनुभएकोमा परिस्थितिको विश्लेषण गरी २०८३ पौष मसान्तसम्म पूर्व सम्झौता बमोजिम नै म्याद थप गर्ने निर्णय गरियो ।

६. कार्यालयको स्वामित्वमा रहेका सटर नं.१, ६, र ७ का व्यवसायीहरुले सम्झौता रद्द गरी व्यवसाय वन्द गरेकोले खाली हुन गएका ३ तीन सटरहरुलाई निम्न बमोजिमको न्यूनतम भाडादर कायम गरी इ विडिङ मार्फत प्रतिस्पर्धा गरी भाडामा लगाउने निर्णय गरियो ।

<u>निम्न</u>

क. सटर नं.१ को लागि रु ३५,१८०/-
ख. सटर नं.६ को लागि ३३,१००/-
ग. सटर नं.७ को लागि रु ३६,१०५/-

७. सटर नं.८ भाडामा लिई संचालन गर्दै आई रहेको व्यवसायी देवीकुमारी जिसीले हाल रु १२,५००/- मा चिया पसल /खाजा घर चलाउँदै आइरहेकोमा हाल उक्त व्यवसाय बन्द गरी अन्य पेशा व्यवसाय संचालन

		गरी पाउँ र सोको लागी समितिले तोकेको भाडा समेत बुझाउन तयार छु भनी निवेदन दिएकोले निजको सटर जेनजी आन्दोलनको क्रममा क्षती भएको सामान समेत हानी नोक्सानी भएको समेतलाई मध्येनजर गरी विगतको पेशा व्यवसाय भन्दा भिन्दै व्यवसाय गर्ने भएकोले उक्त भाडादरमा ४४% बृद्धी गरी रु १८,०००/- अठार हजार रुपैयाँमा सम्झौता गरी गराई भाडामा लगाउने निर्णय गरियो । ८. आगामी आ.ब.२०८३/०८४ को लागी नवौं जिल्ला सभाबाट पारित नीति, कार्यक्रम कार्यान्वयन गर्ने वार्षिक कार्यक्रम तालिका बमोजिम कार्यक्रम गर्ने निर्णय गरियो ।
२०८३/४/२९	१०	१. भाद्र ५, ८ र ९ मा वार्षिक समिक्षा गर्ने । २. स्थानीय तहको सिमाङ्कन पुनरावलोकन अध्ययन प्रस्ताव पठाउने म्याद ७ दिन थप गर्ने ३. कार्यालयका स्वामित्वका सटरका नम्वरहरु प्रष्ट देखिने गरी राख्ने व्यवस्था गर्ने ४. आ व ०८३/।८४ को प्राप्त अख्तियारी रकम वांडफाट गर्ने र खर्च व्यवस्थापन गर्ने ५. साविकको मौजदात कोष आन्तरिक आय खर्च कार्यविधी अनुसार खर्च व्यवस्थापन गर्ने ६. गत आ व मा जि स स को साझेदारीमा संचालित योजनाको दायित्व सिर्जना भै सकेको रकम नियमानुसार भुक्तानी प्रकृया गर्ने लगायतका निर्णयहरु
२०८३/६/३०	१३	१. जिल्ला समन्वय समितिबाट भाद्र तथा असोज महिनामा सम्पादित कामहरुको विवरण सहित समीक्षा गरियो । २. जिसस पदाधीकारीज्यूहरुबाट भाद्र तथा आश्विन महिनामा आ-आफ्नो विषयगत तथा कार्यक्षेत्रभित्र गरिएका समन्वय, सहजीकरण, अनुगमन तथा विषयगत वैठकमा भाग लिई गरिएका निर्णय र कार्यान्वयनको बारेमा समीक्षा गरियो । ३. विजया दशमी पर्व अन्तर्गत नवरात्रीको आज छैटौ दिन जिससका सम्पूर्ण पदाधीकारी तथा कर्मचारीहरु वीच शुभकामना आदान प्रदान गरी एक अर्कामा रहेको भातृत्व, प्रेम, एकता, सद्भाव कायम राख्दै सुख शान्ती तथा समृद्धीको कामना व्यक्त गर्न आजै संयुक्त बैठक बस्ने निर्णय गरियो । ४. मानव अधिकार सम्बन्धी छैटौ राष्ट्रिय कार्ययोजना आ.ब.२०८३/०८४ को जिल्ला समितिको मिति २०८३/०५/१६को बैठकले जिसस

		पदाधिकारीहरुलाई विषयगत क्षेत्रको थप जिम्मेवारी दिइएकोले स्थानीय तहसँग निरन्तर सम्पर्क र समन्वय गरी कार्यान्वयन प्रगती विवरण लिने । ५. भूमि व्यवस्था सहकारी संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको च.नं.१६ मिति २०८३/०५/३१ को स्थानीय तह कास्कीलाई लेखी जिल्ला समन्वय समिति कास्कीलाई समेत जानकारी दिइएको गरिब परिवार पहिचान तथा परिचय पत्र वितरण निर्देशिका २०७५ कार्यान्वयन गर्ने गराउने कार्यमा लेखी आएको विषय र स्थानीय तहको विवरण सबै पदाधीकारीहरुलाई जानकारी गराइयो र आ-आफ्नो स्थानीय तहमा वितरण कार्यान्वयनको अवस्थाको प्रगती विवरण लिई आवश्यक सहयोग समन्वय सहजीकरण गर्ने निर्णय गरियो । ६. विगतमा साविक उच्च माध्यमिक शिक्षा परिषद्बाट अनुमती लिई क्याम्पसमा १० + २ जोड संचालन गरेको विषयमा कानुन सम्मत नभएको, विद्यार्थीको IEMIS Standard no नभएकोले विद्यार्थीको भविष्य सुनिश्चित गर्न क्याम्पसहरुमा १०+२ जोड कक्षा संचालन हटाई अन्यत्र व्यवस्था गर्न संघीय सरकारलाई अनुरोध गर्ने । ७. कास्की जिल्लाका यातायात व्यवसायीहरुले क्षमता भन्दा बढी यात्रु बोक्ने, बढी भाडा लिने गरेको गुनासो आएकोले सो हुन गर्न नदिन सम्बन्धित निकायमा अनुरोध गर्ने । ८. ट्रक व्यवसायीहरुको माग अनुसार पार्किङ नभएको गुनासो आएकोले सार्वजनिक ठाउँमा ट्रक पार्किङको व्यवस्था मिलाउन सम्बन्धीत निकायमा अनुरोध गर्ने । ९. चाडपर्व नजिक आइरहेको अवसरमा मूल्यबृद्धी बढ्दै गएको, मिसावट बढेको व्यापक जनगुनासो आएकोले बजार अनुगमन नियन्त्रण गर्न स्थानीय प्रशासन, स्थानीय तह, नेपाल सरकारलाई अनुरोध गर्ने । १०. नेपाल सरकारले हालै गरेको निर्णय बमोजिम साताको दुई दिन सार्वजनिक विदा शैक्षिक क्यालेन्डर बमोजिम तोकिएको पाठ्यभार समयमै व्यवस्थित रुपमा अध्ययन गर्न गराउन असुविधा भएकोले दुई दिनको विदा पुनरावलोकन हुन संघीय सरकार समक्ष लेखी पठाउने । ११. विजयादशमी, शुभदीपावली तथा छठ पर्व लगायत सम्पूर्ण चाडपर्वहरुको उपलक्ष्यमा स्वदेश तथा विदेशमा रहेका सम्पूर्ण नेपाली दाजुभाई, दिदीबहिनीहरुमा सुख, शान्ती, समृद्धीको कामना सहित शुभकामना व्यक्त गरियो । १२. पोखरा महानगरपालिका २८ स्थित कालिका इङ्लीस बोर्डीङ स्कुल कालिका स्थानमा कक्षा १० र ८ मा पढ्ने विद्यार्थी बोकेको गाडी मिति २०८३/०६/२३ गते विहान ६:३० बजे ओखलेको भिरमा दुर्घटना भै

		सवार २१ जना मध्ये ४ जना वालवालिका र १ जना अभिभावक गरी ५ जनाको घटनास्थलमा मृत्यु भएकोमा ज्यान गुमाउने भाई बहिनी र अभिभावक प्रति हार्दिक श्रद्धान्जली र घाइते वालवालिकाको शिघ्र स्वास्थ्य लाभको कामना गर्दै घाइतेहरुको उचित निशुल्क उपचारको लागि व्यवस्था हुन सम्बन्धीत निकायहरु तथा नेपाल सरकारसँग अनुरोध गर्ने । १३. रसुवा, नुवाकोट जिल्ला अन्तर्गत भोटेकोशी नदी तथा गोरखा चुमनुग्रीको बुढीगण्डकी नदीमा आएको बाढी पहिरो तथा डुवानीको कारण मृत्यु हुनु भएको दिवङ्गत ज्ञात अज्ञात व्यक्ती तथा परिवार प्रति भावपूर्ण श्रद्धान्जली र घाइतेहरुको शिघ्र स्वास्थ्य लाभको कामना गर्दछौं ।

४.२. अनुगमन तथा निरीक्षण :

- ✓ जिल्ला समन्वय समितिका प्रमुख श्री लिलाधर पौडेलज्यूको संयोजकत्वमा जि स अ नवराज वराल, जि स स सदस्यहरु लगायतको टोलीवाट आश्विन महिनामा अन्नपूर्ण गांउपालिका अन्तरगत जि स स सझेदारीमा संचालित योजनाहरु अनुगमन कार्य गरिएको ।
- ✓ जिल्ला समन्वय समितिका प्रमुख श्री लिलाधर पौडेलज्यूको संयोजकत्वमा जि स अ नवराज वराल, जि स स सदस्यहरु लगायतको टोलीवाट आश्विन महिनामा माछापुच्ट्रे गांउपालिका अन्तरगत जि स साझेदारीमा संचालित योजनाहरु अनुगमन कार्य गरिएको ।
- ✓ जिल्ला समन्वय समितिका प्रमुख श्री लिलाधर पौडेलज्यूको संयोजकत्वमा जि स अ नवराज वराल, शाखा अधिकृत लक्षु शर्मा, पोखरा महानगरपालिका का उपप्रमुख मञ्जु गुरुग, स्थानीय वालकल्याण अधिकारी लगायतको टोलीवाट पोखरा महानगरपालिका भित्र संचालित वालगृहहरुको स्थलगत अनुगमन तथा निरीक्षणको कार्य गरि प्रतिवेदन गरिएको।
- ✓ शाखा अधिकृत श्री लक्षु शर्मा लगायतवाट मादी गांउपालिकामा संचालित योजनाको अनुगमन तथा पृष्ठपोषण प्रदान गरिएको ।

४.३. जिल्ला समन्वय समितिको स्थापना दिवस विविध कार्यक्रमः

जिल्ला समन्वय समिति कास्कीको नवौ स्थापना दिवस २०८३ श्रावण २० को उपलक्ष्यमा निम्नानुसारका विविध कार्यक्रम सम्पन्न गरिएको थियो ।

४.३.१ निवन्ध प्रतियोगिता :

जिल्ला समन्वय समिति कास्कीको स्थापना दिवसको उपलक्ष्यमा नेपालको संविधान र जि स स को भुमिका विषयमा कक्षा ७ मा अध्यानरत विधार्थीहरु समेटी जिल्ला स्तरीय निवन्ध प्रतियोगता ०८३ श्रावण १८ गते

सम्पन्न भएको थियो । उक्त प्रतियोगितामा कास्कीका सबै पालिकावाट प्रतिनिधित्व गर्दै १४ विधालयको सहभागिता रहेको थियो ।

४.३.२ अन्तरक्रिया कार्यक्रम :

जिल्ला समन्वय समिति कास्कीको स्थापना दिवसको उपलक्ष्यमा श्रावण २० गते अन्तरक्रिया कार्यक्रम आयोजना गरिएको थियो । उक्त कार्यक्रममा जिल्ला समन्वय समितिको भूमिका विषयमा सहभागीहरुले आफ्नो भनाइ राखेका थिए ।

४.४, जिल्ला परियोजना सल्लाहकार समितिको वैठक :

- ✓ मिति २०८३/६।१६ गते जि.स.स. प्रमुख श्री लिलाधर पौडेलज्यूको अध्यक्षतामा जिल्ला परियोजना सल्लाहकार समितिको वैठक वसी **3 Angles Nepal** वाट संचालित आयोजनाहरुवारे छलफल र बालगृह र स्कूल भवन निर्माण परियोजना संचालन गर्न पूर्व सहमति दिने निर्णय भयो ।

४.५ वार्षिक समिक्षा कार्यक्रम

४.५.१ स्थानीय तहको असल अभ्यास अनुभव आदान प्रदान तथा वार्षिक समिक्षा :

मिति २०८३।५।५ गते जिल्ला समन्वय समिति कास्कीले स्थानीय तहरूको आर्थिक बर्ष २०८२-८३ को बार्षिक समिक्षा तथा असल अभ्यास अनुभव आदान प्रदान कार्यक्रम सम्पन्न गरेको छ। कार्यक्रमको गण्डकी प्रदेश सभा सदस्य देवका पाहारीले उद्घाटन गर्नु भएको थियो । पहारीले नेपालको संविधानले ब्यबस्था गरेका तीन तहका सरकारहरू बिच प्रभाबकारी समन्वय र सहजीकरणमा जिसस कास्कीको भुमिका प्रसम्सनिय भएको उल्लेख गर्दै योजनाको छनोट र कार्यान्वयनका लागि स्पस्ट कानुनी र ब्यबस्थित संरचना निर्माण जरुरी देखिएको उल्लेख गर्नुभयो । जिल्ला समन्वय समिति कास्कीका प्रमुख लिलाधर पौडेलले कास्कीका पालिकाहरूको कार्य सम्पादनको स्तर र बिकास निर्माणका कार्यहरूमा गुणस्तर वृद्धि गर्ने उद्देश्यले स्थानीय सरकार संचालन ऐनले ब्यबस्था गरे अनुसार समिक्षा कार्यक्रम अर्ध बार्षिक र बार्षिक रूपमा आयोजना गर्ने गरिएको उल्लेख गर्नुभयो ।प्रमुख पौडेलले बिकासका योजना छनोट प्रक्रिया र प्राथमिकिकरणमा देखिएका त्रुटिका कारण पालिकाहरूको कार्य सम्पादनको स्तर अपेक्षित रूपले उत्कृष्ट हुन नसकेको उल्लेख गर्दै कास्की पालिकाहरूलाइ सुशासन ,पारदर्शीता र जवाफदेहिता सहितका सेवा प्रबाहमा ध्यान दिन आग्रह गर्नुभयो ।पौडेलले कास्कीका पालिकाहरूलाई बेरूजुमुक्त पालिका बनाउन आग्रह गर्नुभयो। शुक्रबार कास्कीका पोखरा महानगरपालिका ,अन्नपूर्ण ,माछापुच्छ्रे ,रूपा र मादी गाउँपालिकाहरूको आर्थिक बर्ष २०८२-८३ को समिक्षा गरिएको र आगामी सोमबार बिकास तर्फका कार्यालय एबम मंगलबार सामाजिक सेवा प्रदायक कार्यालयहरूको समिक्षा गरिने जिल्ला समन्वय अधिकारी नवराज बरालले जानकारी दिनुभयो। कार्यक्रममा पोखरा चेम्बर अफ कमर्सका महासचिव गोकर्ण अधिकारी ,नागरिक समाज कास्कीका अगुवा राम बहादुर पौडेल ,माछापुच्छ्रे गाउँपालिकाका अध्यक्ष मीन बहादुर गुरुङ , सहितले मन्तव्य व्यक्त गर्नुभएको

थियो । समिक्षामा कास्कीका पालिकाका प्रमुख ,कार्यकारी अधिकृत , नागरिक समाजका अगुवाहरू, उद्योगी व्यबसायिका प्रतिनिधिहरू को उपस्थिति रहेको थियो ।
जिल्ला समन्वय समिति कास्कीका प्रमुख लिलाधर पौडेलको अध्यक्षतामा सम्पन्न समिक्षा कार्यक्रममा स्वागत उप -प्रमुख सरिता माललेे र संचालन जिल्ला समन्वय अधिकारी नवराज बरालले गर्नुभएको थियो ।

४.५.२ विषयगत कार्यालयको वार्षिक समिक्षा कार्यक्रम :

मिति २०८३ भाद्र ८-९ गते जिल्ला समन्वय समिति कास्कीको आयोजनामा कास्की जिल्ला भित्रका विकास निर्माण तथा सेवा प्रवाह सम्वन्धित कार्यालयहरुको वार्षिक समिक्षा कार्यक्रम सम्पन्न भएको छ । जिल्ला समन्वय समिति कास्कीका प्रमुख लिलाधर पौडेलज्यूको अध्यक्षतामा सम्पन्न उक्त कार्यक्रममा कास्की जिल्लाका विकास निर्माण सम्वद्ध १४ वटा र सेवा प्रवाह सम्वन्धि १४ वटा गरी २८ वटा कार्यालहरुले आ व ०८२/८३ मा सम्पादित कार्यहरुको प्रगति सहितको प्रस्तुती गर्नु भएको थियो ।

उक्त कार्यक्रममा मन्तव्य राख्दै जिल्ला समन्वय समिति कास्कीका प्रमुख श्री लिलाधर पौडेलले विकास निर्माण तथा सेवा प्रवाह सम्वद्ध सरोकारका विषयमा छलफल तथा समस्याको समधानका लागि यो कार्यक्रम फलदायी रहेको कुरा राख्दै स्थानीय सरकार संचालन ऐन २०७४ ले व्यवस्था गरे अनुसार जिल्ला समन्वय समितिले आयोजना गरेको यो वार्षिक प्रगति समिक्षा कार्यक्रममा जिल्लावाट प्रतिनिधित्व गर्ने संघीय तथा प्रादेशिक माननीयज्यूहरुलाइ आमन्त्रण गरिएता पनि उहांहरु उपस्थित नभएकोमा गुनासो व्यक्त गर्नु भएको थियो । उक्त कार्यक्रममा प्रमुखले सवै विकास सम्वद्ध कार्यालयहरुले जनताको चाहना र भावना अनुसार विकास सम्वन्धि कार्यहरु अगाडी वढाउन र सम्पादित कार्यहरुमा पारदर्शिता र जवाफदेहिता प्रवर्धन गर्न अनुरोध गर्नु भएको थियो ।

उक्त कार्यक्रममा ८ गते विकास निर्माण सम्वद्ध खानेपानी तथा ढल व्यवस्थापन कार्यालय कास्की, खानेपानी तथा सरसफाइ डिभिजन कार्यालय स्याङ्जा, खानेपानी संस्थान कास्की, मुग्लिङ्ग पोखरा पश्चिम सडक खण्ड, पुल सेक्टर आयोजन कार्यालय पोखरा, सडक डिभिजन कार्यालय पोखरा, सिंचाइ तथा जलस्रोत व्यवस्थापन आयोजना पोखरा, जलस्रोत तथा सिंचाइ विकास कार्यालय कास्की, पूर्वधार विकास कार्यालय कास्की, अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना कार्यालय कास्की, डिभिजन वन कार्यालय कास्की, नेपाल विधुत प्राधिकारण पोखरा भरतपुर वितरण प्रणाली सुदृढिकरण आयोजना, स्थानीय पूर्वधार विकास आयोजना कार्यालय, सडक पुल तथा प्रदेशिक भवन कार्यालय कास्कीले आ आफ्नो कार्यालयवाट सम्पादित कार्यहरुको प्रगति विवरण सहितको प्रस्तुती प्रस्तुत भएको थियो ।कार्यक्रममा विकास निर्माणमा मध्यपूर्वमा भएको युद्ध, पेट्रोलियम पदार्थको मूल्यवृद्धि, निर्माण समाग्रीको अभाव, जेन्जी आन्दोलन पश्चात भएको वजेट रोक्का, जनशक्तिको अभाव आदि कारणवाट विकास निर्माण कार्यमा निर्धारित लक्ष्य हासिल गर्न कठिनाइ भएको विषय विकास निर्माण सम्वद्ध कार्यालयहरुले प्रस्तुत गरेका थिए । भने ९ गते विकास तथा सेवा प्रवाह सम्वद्ध भेटनरी अस्पताल तथा

पशु सेवा कार्यालय कास्की, शिक्षा विकास तथा समन्वय इकाइ कास्की, यातायात व्यवस्था कार्यालय सवारी कास्की, प्रदेश कृषि प्रयोगशाला, भूमि प्रशासन कार्यालय कास्की, कृषि विकास कार्यालय कास्की, राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम, सामाजिक सुरक्षा कोष, भूमि प्रशासन कार्यालय लेखनाथ, वृहत जलाधार व्यवस्थापन केन्द्र गण्डकी, श्रम तथा रोजगार कार्यालय पोखरा, प्रदेशिक जनस्वास्थ्य केन्द्र कास्की, प्रादेशिक जनरल तथा सरुवा रोग अस्पताल पोखरा र नेपाल विधुत प्राधिकरण पोखरा वितरण केन्द्रवाट आ आफ्नो कार्यालयवाट सम्पादित कार्यहरुको प्रगति विवरण सहितको प्रस्तुती प्रस्तुत भएको थियो ।

विकास निर्माण तथा सेवा प्रवाह सम्वद्ध कार्यालयका कार्यालय प्रमुखहरु तथा प्रतिनिधि, नागरिक समाजका प्रतिनिधि, अन्य सरोकारवालाहरु सहित करिव ९० जनाको उपस्थि रहेको उक्त कार्यक्रममा जनसरोकारका विषयहरुमा सहभागीहरुले विभिन्न जिज्ञासा तथा सुझाव प्रस्तुत गर्नु भएको थियो । कार्यक्रममा ८ गते शुभकामना मन्तव्य राख्दै पोखरा चेम्वर अफ कमर्सका अध्यक्ष श्री उमराज वास्तोलाले यो समिक्षा कार्यक्रमले नीतिगत तथा व्यवहारगत कारणवाट आयोजना संचालनमा परेको अफ्टयारो फुकाउन सहयोग गरेको र विकास निर्माणका कार्यलाइ गति दिन निजी क्षेत्रको सधै साथ र सहयोग रहने विचार व्यक्त गर्नु भएको थियो । ९ गते नागरिक समाज पोखराका अध्यक्ष राम वहादुर पौडेलले शुभकामना मन्तव्य राख्दै नागरिकलाइ सहज सेवा प्रावह र विकास निर्माण गर्ने कुरामा कुरामा नागरिक समाज सधै यहांहरुको साथमा रहेको तर गलत कामलाइ सधै भरी खवरदारी गर्ने कुरमा आफू पछि नहट्ने कुरा राख्दै जिल्ला समन्वय समितिकास्कीले कास्की जिल्लाको विकासमा सधै भरी अभिभावकीय भूमिका निर्वाह गरिरहेको र आगमी दिनमा पनि निरन्तरता दिन अनुरोध गर्नु भएको थियो । जिल्ला समन्वय समितिको सभाहलमा संचालन भएको उक्त कार्यक्रमको संचालन जिल्ला समन्वय समितिका जिल्ला समन्वय अधिकारी नवराज वरालले गर्नु भएको थियो ।

४.५.३ गैर सरकारी संस्थाहरुको वार्षिक समिक्षा कार्यक्रमः

२०८३ आश्विन ८ र ९ गते जिल्ला समन्वय समिति कास्कीमा जिल्लामा क्रीयाशिल गैरसरकारी संस्थाहरूको बार्षिक समिक्षा कार्यक्रम सकिएको छ। बिहीवार र शुक्रबार दुई दिन सम्म चलेको सो समिक्षाको जिल्ला समन्वय समिति कास्कीका प्रमुख लिलाधर पौडेलले उद्घाटन गर्नुभएको थियो । समापनका अवशरमा प्रमुख पौडेलले गैरसरकारी संस्थाहरू थप प्रभावकारी , व्यवस्थित र थप परिणाममुखी बनाउन समिक्षा सहयोगी भएको उल्लेख गर्नुभयो । देखिएका कमिकमजोरी सुधारेर थप परिमार्जन र परिष्कारमुलक कार्यमा अगाडि बढ्न आग्रह गर्नुभयो । आफू निर्बाचित भएदेखि नै सरकारी एबम गैरसरकारी संस्था सहित सामाजिक संस्थाहरूको समेत पारदर्शीता ,जबाफदेहिता र उत्तरदायीत्वमा जोड दिदै आएको स्मरण गर्दै नियामक निकाय स्थानिय तहहरू समेत थप क्रीयाशिल हुनुपर्नेमा जोड दिनुभयो । राष्ट्र बिकास र समृद्धिको यात्रा गैरसरकारी संस्थाहरूको उपस्थिति र सहकार्य बिना सम्भब नहुने उल्लेख गर्नुभयो ।

कार्यक्रममा गैर सरकारी संस्था महासंघ कास्कीका अध्यक्ष इन्दिरा पौडेल , नागरिक समाजका अगुवा राम बहादुर पौडेल ,पोखरा महानगर पालिकाका बाल कल्याण अधिकारी बेल कुमारी गुरुङ सहितले गैरसरकारी संस्थाका कार्य र भाबी भुमिका सम्बन्धमा प्रकाश पार्नुभएको थियो। ९ गते शुक्रवार असहाय बाल उपकार संघ , आइ एन एफ नेपाल हरियो खर्क अस्पताल , लिबर्ड ,रेन्बो चिल्ड्रेन होम,कर्मा फ्लाइट ,गोनेशा ,नेपाल हाउस कास्की ,समन्वय नेपाल बाल गृह ,सृजना बिकास केन्द्र ,सिबिन नेपाल सहितले समिक्षा प्रस्तुत गरे। त्यसैगरी ८ गते बिहीवारको समिक्षामा राइट फर चिल्ड्रेन ,बाल कल्याण संस्था ,शक्ति समुह ,चिल्ड्रेन नेपाल ,कोपिला नेपाल ,दयाको सेवा नेपाल ,साना हातहरू नेपाल ,मानव अधिकारका लागि महिला एकल महिला समुह कास्की ,बाल हितकारी परियोजना ,श्री एन्जल्स नेपाल ,बहिनी एडुकेयर फाउन्डेसन ,कोपिला चिल्ड्रेन होम,महिला सशक्तीकरण समाज ,एस ओ एस बाहिनी ,सहित पन्ध्र वटा संस्थाले आ -आफ्नो संस्थाको संचालित कार्यक्रमको विवरण सहित समिक्षा प्रस्तुत गरेका थिए । जिल्ला परियोजना सल्लाहकार समितिका संयोजक एबम जिल्ला समन्वय समिति कास्कीका प्रमुख लिलाधर पौडेलको अध्यक्षतामा सम्पन्न कार्यक्रममा स्वागत उप - प्रमुख सरिता माल र संचालन जिल्ला समन्वय अधिकारी नवराज बरालले गर्नुभएको थियो ।

४.६ अन्तरक्रिया तथा समन्वय वैठक कार्यक्रम

४.६.१ गाउँपालिका तथा नगरपालिका र वडाको संख्या तथा सिमाना हेरफेर र नगरपालिका वर्गीकरणको पुनरावलोकन जिल्लास्तरिय पुनरावलोकन अध्ययन समितिको बैठक तथा अन्तरक्रिया कार्यक्रम :

गाउँपालिका तथा नगरपालिका र वडाको संख्या तथा सिमाना हेरफेर र नगरपालिका वर्गीकरणको पुनरावलोकन सम्बन्धि मापदण्ड ,२०८३ अनुसार गठित कास्की जिल्लास्तरिय पुनरावलोकन अध्ययन समितिको बैठक तथा अन्तरक्रिया कार्यक्रम समिति संयोजक श्री लिलाधर पौडेलज्यूको संयोजकत्वमा मिति २०८३/४/८ गते सम्पन्न भएको छ। जिल्लावाट संघीय तथा प्रदेशमा प्रतिनिधित्व गर्नुहुने जनप्रतिनिधीज्यूहरु, जिल्ला स्तरका राजनैतिक दलका प्रमुख तथा प्रतिनिधीज्यूहरु, समितिका सदस्यहरूमा सम्बन्धित स्थानिय तहका अध्यक्ष वा प्रमुख ,सहायक प्रमुख जिल्ला अधिकारी ,नापी कार्यालयका प्रमुख ,भुमी प्रशासन कार्यालयका प्रमुख ,सम्बन्धित पालिकाका प्रमुख प्रशासकीय अधिकृत ,हरुको सहभागितामा उक्त कार्यक्रम संचालन भएको थियो ।

।

४.६.२ मानव अधिकार सम्बन्धि छैटौं राष्ट्रिय कार्ययोजना (आ.ब.२०८३/८४-२०८७/८८) कार्ययोजना कार्यान्वयन जिल्ला समन्वय बैठक तथा अन्तरक्रिया कार्यक्रमः

२०८३ भाद्र १६ गते मानव अधिकार सम्बन्धि छैटौं राष्ट्रिय कार्ययोजना (आ.ब.२०८३/८४-२०८७/८८) कार्ययोजना कार्यान्वयन जिल्ला समन्वय बैठक तथा अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको थियो । जिल्ला समन्वय समिति कास्कीका प्रमुख लिलाधर पौडेलको संयोजकत्वमा भएको उक्त कार्यक्रममा प्रमुखले मन्तव्य राख्दै कास्कीलाइ मानव अधिकारको पूर्ण प्रत्याभूत जिल्ला बनाउन आव्हान गर्नुभएको छ । कास्कीमा मानव अधिकार उल्लंघन र हननका कुरा बढिरहेको कुरा तर्फ इङ्गित गर्दै मानव अधिकारको पूर्ण पालनामा स्थानिय तहहरूले विशेष नीति र कार्यान्वयनको योजना बनाउन आग्रह गर्दै सो को लागि बिशेश बजेटको ब्यबस्था गर्न आग्रह गर्नुभयो । एउटै प्रकृतिका काम गर्ने नागरिकहरू बिचको विभेदको अन्त्य गर्ने दायित्व पूरा गर्न सरकार चुक्न नहुने भन्दै राज्य संरचना गम्भीर हुन नसकेको उल्लेख गर्नुभयो। कास्कीको रूपा गाउँपालिका अध्यक्ष नवराज ओझाले मानव अधिकारको बिषय हरेक पालिकाले पहिलो प्राथमिकतामा राख्नु पर्ने भन्दै आफू त्यसमा प्रतिबद्ध रहेको उल्लेख गर्नुभयो। ओझाले मानव अधिकार हननका बिषयलाइ स्थानिय स्तरमा कानुनी दायरामा ल्याए मात्रै उल्लंघनका घटना न्यूनीकरण हुने उल्लेख गर्नुभयो । बैठकमा जिसस कास्की उप -प्रमुख सरिता माल, मानवअधिकार आयोग पोखरा कार्यालय प्रमुख नितु गड्तौला, जिल्ला समन्वय अधिकारी नवराज बराल ,नागरिक समाज कास्कीका अगुवा राम बहादुर पौडेल,गैरसरकारी संस्था महासंघ कास्की अध्यक्ष इन्दिरा पौडेल, जिल्ला बारकास्कीका अध्यक्ष जिसस कास्किका शाखा अधिकृत लक्षु शर्माले छैटौं मानव अधिकार सम्बन्धि राष्ट्रिय कार्ययोजनाको प्रभाबकारी कार्यान्वयनका सन्दर्भमा आफ्नो धारणा राख्नुभएको थियो। समितिका संयोजक तथा जिल्ला समन्वय समिति कास्कीका प्रमुख लिलाधर पौडेलको अध्यक्षतामा बैठक सम्पन्न भएको थियो।

४.६.३ बिकास समन्वय बैठक :

२०८३ भदौ १८ गते बिहिबार जिल्ला समन्वय समिति कास्कीले बिकास समन्वय बैठक सम्पन्न गरेको छ। कास्कीका निर्माणाधिन बिकास आयोजनामा देखिएका अबरोध र समस्या निराकरण गर्न बैठक आयोजना गरिएको थियो । जि स स कास्कीका प्रमुख लिलाधर पौडेलको संयोजनमा भएको उक्त वैठकमा प्रमुखले कास्कीमा संचालित आयोजना समयमै सम्पन्न नहुदा सेवाग्राही मर्कामा परेको भन्दै संचालित आयोजना सहित अन्य सरोकारवाला सरकारी निकाय बिच प्रभाबकारी समन्वय अत्यावश्यक भएको उल्लेख गर्नुभयो ।पोखरा र कास्की क्षेत्रमा विद्युत ,सडक, बिमानस्थल सम्बन्धित बिकास आयोजनाका सन्दर्भमा देखिएका बिबाद समस्या समाधनार्थ तत्काल गम्भीरताका साथ कार्य गर्न आग्रह गर्नुभयो । पौडेलले राष्ट्र निर्माणको कार्य सबैको सामुहिक प्रयासबाट संभब हुने उल्लेख गर्नुभयो। जिल्ला समन्वय अधिकारी नवराज बरालले सरोकारवाला कार्यालयहरू गम्भीर र समन्वय नभएको जनगुनासो आएपछी समन्वय बैठक आयोजना गरिएको भन्दै प्रक्रिया मिलाएर समस्याको समाधान गर्नुको विकल्प नरहेको बताउनुभयो । सो समन्वय बैठकमा

नागरिक उड्डयन प्राधिकरण पोखरा ,अध्यागमन कार्यालय पोखरा बिमानस्थल ,नेपाल विद्युत प्राधिकरण ,पोखरा भरतपुर विद्युत प्रणाली शुदृढिकरण आयोजना , पोखरा महानगर पालिकाको कार्यालय ,पोखरा मुग्लिङ्ग सडक आयोजना पश्चिम खण्डका प्रमुख र प्रतिनिधिको उपस्थिति रहेको थियो । जिल्ला समन्वय समिति कास्कीका प्रमुख लिलाधर पौडेलको अध्यक्षतामा बैठक सम्पन्न भएको थियो।

४.६.४ कलेजका संचालकहरूसग अन्तरक्रिया तथा छलफल:

२०८३ भदौ २६ गते जि स स कास्कीमा जिल्लामा संचालित निजि तथा सार्बजनिक कलेजका संचालकहरू संग छलफल तथा अन्तरक्रीया कार्यक्रम सम्पन्न गरेको छ । कार्यक्रममा जिल्ला शिक्षा समिति कास्कीका संयोजक तथा जिल्ला समन्वय समिति कास्कीका प्रमुख लिलाधर पौडेलले उद्घाटन गर्नु भएको थियो ।प्रमुख पौडेलले विद्यमान शिक्षा नीति र नियमावली बमोजिम उच्च शिक्षा प्रदायक शिक्षालयहरू संचालित नभएको गुनासो प्राप्त भएपछि छलफल आयोजना गरिएको उल्लेख्य गर्दै संचालकहरूका समस्या र समाधानको हेतुले अगाडी बढ्न आग्रह गर्नुभयो । प्रमुख पौडेलले विधि र नियमको बर्खिलापमा कोहि पनि लाग्न नहुने भन्दै शिक्षा प्रदान गर्ने निकायहरू झन बढि मर्यादित र अनुशासित बाताबरणमा संचालित हुनुपर्ने उल्लेख गर्नुभयो ।

कार्यक्रममा पोखरा महानगर पालिका शिक्षा महाशाखा प्रमुख हेम प्रसाद आचार्य ,जिल्ला समन्वय अधिकारी नवराज बराल सहितले विभिन्न कलेजका संचालकहरूले आफ्ना कठिनाइ ,कानुनी र ब्यबहारिक जटिलताको सम्बन्धमा प्रकाश पार्नुभएको थियो। कार्यक्रममा जिल्ला शिक्षा समिति कास्कीका संयोजक तथा जिल्ला समन्वय समिति कास्कीका प्रमुख लिलाधर पौडेलको अध्यक्षतामा सम्पन्न कार्यक्रमको संचालन जिल्ला शिक्षा समन्वय ईकाइ प्रमुख लोकनाथ आचार्यले गर्नुभएको थियो।

४.६.५ न्युनतम पारिश्रमिक ,श्रम ऐन र सामाजिक सुरक्षा सम्वन्धि अन्तरक्रिया कार्यक्रम :

२०८३ भदौ ३० गते जिल्ला समन्वय समिति कास्कीले जिल्लामा न्युनतम पारिश्रमिक ,श्रम ऐन र सामाजिक सुरक्षा कोष सम्वन्धि सरोकारवालाहरुवीच अन्तरक्रया कार्यक्रम सम्पन्न गरेको छ । मंगलबार जिसस कास्कीले जिल्लास्थित सम्पूर्ण क्षेत्रमा कार्यरत मजदुर ,कामदारहरू र रोजगारदाताहरूको सहभागीतामा आयोजना गरिएको अन्तरक्रीया कार्यक्रममा न्युनतम पारिश्रमिक ,श्रम ऐन र सामाजिक सुरक्षा कोष कार्यान्वयन गर्न अनुरोध गरिएको जिसस प्रमुख लिलाधर पौडेलले बताउनुभयो। प्रमुख पौडेलले श्रमजीवी बर्गले पाउनु पर्ने न्युनतम पारिश्रमिक नपाएको, श्रम ऐनको प्रभाबकारी कार्यान्वयन नभएको र केही औद्योगिक ब्यबसाय ,शैक्षिक संस्था,संचार संस्था सहित सार्बजनिक ,सरकारी ,गैरसरकारी तथा निजि क्षेत्रमा कार्यरत कामदार एबम मजदुरहरूले सामाजिक सुरक्षा कोषमा आबद्ध नगराइएको पाइएकोले सो सम्बन्धि ब्यबस्था सरोकारवालाहरूलाइ तत्काल योजना बनाइ कार्यान्वयन गर्न अनुरोध गर्नुभयो ।सो बिषय लागू भए नभएको नियमित अनुगमन समेत गर्न सरोकारवाला सरकारी निकायलाई पौडेलले आग्रह गर्नुभयो ।

कास्कीका प्रमुख जिल्ला अधिकारी कुमान सिंह गुरुङले न्युनतम पारिश्रमिक ,श्रम ऐन र सामाजिक सुरक्षा कोषको आवद्धता आम श्रमजीवी मजदुरहरूको हक अधिकार संग मात्रै सम्बन्धित नरहेर रोजगारदाताहरूको दायित्व र राज्यको कर्तब्यसंग पनि जोडिएको बिषय भएको हुँदा कास्कीमा निर्बाध थप प्रभाबकारी कार्यान्वयन हुनुपर्नेमा जोड दिनुभयो ।कार्यक्रममा जिफन्टका रुद्र खत्री ,पोखरा उद्योग बाणिज्य संघका अध्यक्ष शोभा गौतम ,शिक्षा बिकास समन्वय एकाइ कास्कीका प्रमुख लोकनाथ आचार्य ,प्रतिभा मा बि का प्राचार्य किरण सापकोटा सहितले आ आफ्नो धारणा राख्नुभएको थियो। श्रम कार्यालय पोखराका वरिष्ठ श्रम अधिकृत चण्डिका पौडेलले श्रम ऐन र न्युनतम पारिश्रमिकको कानुनि तथा नितिगत ब्यबस्थाका बिषयमा र सामाजिक सुरक्षा कोष पोखराका कार्यालय प्रमुख डि.पि.सुन्दर पराजुलीले कोषका सन्दर्भमा जानकारी गराउनु भएको थियो ।

जिल्ला समन्वय समिति कास्कीका प्रमुख लिलाधर पौडेलको अध्यक्षतामा सम्पन्न अन्तरक्रिया कार्यक्रममा स्वागत उप प्रमुख सरिता माल र संचालन जिल्ला समन्वय अधिकारी नवराज बरालले गर्नुभएको थियो। कार्यक्रममा श्रमिक ,मजदुरका प्रतिनिधि सहित संचारकर्मी ,रोजगादाता ,ब्यबसायीहरू ,सरोकारवाला सरकारी निकाय, श्रम कार्यालय ,शिक्षा बिकास तथा समन्वय इकाइ ,सामाजिक सुरक्षा कोषका प्रमुख र प्रतिनिधिहरूको उपस्थिति रहेको थियो ।

४.६.६ पालिकाहरूको पुनरावलोकन सम्बन्धमा गठित कास्की जिल्ला स्तरिय अध्ययन समितिको अन्नपूर्ण गाउँपालिकामा छलफल तथा अन्तरक्रिया कार्यक्रम :

२०८३ असोज ७ मा गाउँपालिका तथा नगरपालिका र वडाको संख्या तथा सिमाना हेरफेर र नगरपालिका वर्गीकरणको पुनरावलोकन सम्बन्धि मापदण्ड ,२०८३ अनुसार गठित कास्की जिल्लास्तरिय पुनरावलोकन अध्ययन समितिको अन्नपूर्ण गाउँपालिकामा छलफल कार्यक्रम सम्पन्न भएको छ। वडाको सिमाना हेरफेर सम्बन्धमा अन्नपूर्ण गाउँपालिकाबाट प्राप्त प्रस्ताब उपर छलफल गर्न उक्त अन्तरक्रीया कार्यक्रम आयोजना गरिएको जिसस कास्कीका प्रमुख लिलाधर पौडेलले बताउनुभयो। प्रमुख पौडेलले नेपाल सरकार मन्त्री परिषदको निर्णय मुताबिक भुमी ब्यबस्था ,सहकारी, संघीय मामिला तथा सामान्य प्रशासनको मिति २०८३ असार चार गते राजपत्रमा प्रकाशित सुचना बमोजिम पुनरावलोकन सम्बन्धि मापदण्ड अनुसार समितिले कार्य गरिरहेको पौडेलले उल्लेख गर्नुभयो। निर्धारित मापदण्ड अनुसार पालिकाको संख्या र सिमाना हेरफेर वा एक आपसमा गाभिने प्रस्ताव गर्दा स्थानिय सरकार संचालन ऐन २०७४ को दफा (३) को उपदफा दुई बमोजिम जनसंख्या ,भूगोल ,प्रशासनिक सुगमता ,पूर्बाधार बिकासको अबस्था आर्थिक सक्षमता ,प्राकृतिक स्रोत साधनको उपलब्धता ,भाषिक,साँस्कृतिक तथा सामुदायिक बनौटलाइ प्रमुख आधार बनाउनुपर्ने उल्लेख छ। त्यस्तै वडाको संख्या ,सिमाना र केन्द्र हेरफेर गर्ने वा वडाहरू एक आपसमा गाभिने प्रस्ताव गर्दा सो ऐनको दफा (५)को उपदफा(३)बमोजिम जनसंख्या बितरणको अबस्था ,भौगोलिक निरन्तरता ,अनुकुलता तथा बिशिस्टता ,भाषिक ,सान्स्कृतिक,तथा सामाजिक विशिष्टता,सेवा सुबिधा बितरणको अबस्था र बिद्यमान भौतिक पूर्बाधार लाई मुख्य आधार बनाउनुपर्ने उल्लेख छ। मापदण्ड बमोजिम सिमाना हेरफेर

गर्न सम्बन्धित पालिकाको तत्काल कायम रहेको सदस्य संख्याको दुई तिहाइ बहुमतले पारित गरेर प्रदेश सरकारमा सिफारिस गर्नुपर्ने र त्यसको १५ दिनभित्र प्रदेश सरकारले नेपाल सरकारमा सिफारिस गर्नुपर्ने उल्लेख छ। प्राप्त सुझाव र निर्णय मुताबिक केन्द्र र सिमाना नेपाल सरकारले निर्धारण गर्ने उल्लेख छ। मापदण्डमा स्थानिय सरकार संचालन ऐन २०७४को दफा ३,५,६,७,८ बमोजिम पुनरावलोकन हुन सक्ने उल्लेख छ। सो मापदण्ड बमोजिम जिल्ला समन्वय समितिका प्रमुखको संयोजकतत्वमा ७ सदस्यीय समिति गठन भएको थियो । समितिका सदस्यहरूमा सम्बन्धित स्थानिय तहका अध्यक्ष वा प्रमुख ,सहायक प्रमुख जिल्ला अधिकारी ,नापी कार्यालयका प्रमुख ,भुमी प्रशासन कार्यालयका प्रमुख ,सम्बन्धित पालिकाका प्रमुख प्रशासकीय अधिकृत रहने व्यबस्था छ भने जिल्ला समन्वय अधिकारी सदस्य सचिब तोकिएको छ।
छलफलमा अन्नपूर्ण गाउँपालिका अध्यक्ष बिष्णु बहादुर के सि ,उपाध्यक्ष चन्द्रकला पौडेलले प्रस्तावित सिमाङ्कनका सम्बन्धमा चर्चा गर्नुभएको थियो। निर्धारित मापदण्ड र कार्यका बारेमा समितिका सदस्य सचिब समेत रहनुभएका जिल्ला समन्वय अधिकारी नवराज बरालले प्रकाश पार्नुभएको थियो। समितिका संयोजक एबम जिल्ला समन्वय समिति कास्कीका प्रमुख लिलाधर पौडेलको अध्यक्षतामा बैठक सम्पन्न भएको थियो । बैठकमा सो पालिकाका वडा अध्यक्षहरू , कार्यपालिका सदस्यहरू र स्थानिय सरोकारवालाहरूको सहभागिता रहेको थियो।

४.६.७ यातायात क्षेत्रका समस्या र सरोकारका बिषयमा अन्तरक्रीया कार्यक्रम :

२०८३ असोज २३ गते जिल्ला समन्वय समिति कास्कीले यातायात क्षेत्रका समस्या र सरोकारका बिषयमा सरोकारवालाहरू संग अन्तरक्रिया कार्यक्रम सम्पन्न गरेको छ। कार्यक्रमको जिल्ला समन्वय समिति कास्कीका प्रमुख लिलाधर पौडेलले उद्घाटन गर्नुभएको थियो। उद्घाटन मन्तव्य राख्दै पौडेल यातायात क्षेत्रमा देखिएका समस्या र तिनीहरुको समाधान गर्ने तथा सेवाग्राहीका गुनासा समाधान गर्ने हेतुले कार्यक्रम आयोजना गरिएको उल्लेख गर्नुभयो । प्रमुख पौडेलले यातायात व्यबस्थित हुन चालक सह चालक व्यबस्थापन ,सडक पार्किङ व्यबस्थापन ,सडक दुर्घटना व्यबस्थापन ,सबारी प्रदुषण व्यबस्थापन , अपाङ्ग र प्रबिधिमैत्री यातायात सहित सचेतनामा जोड दिन आग्रह गर्दै सडकमा दुर्घटना न्यूनीकरण गरेर यात्रूमैत्री बिकृती रहित यातायात क्षेत्र निर्माणका लागि सबैको सामुहिक प्रयासमा जोड दिनुभयो। रूपा गाउँपालिकाका अध्यक्ष नवराज ओझाले सडक र यात्रा सुरक्षित बनाउनेतर्फ आफ्नो नीति तथा कार्याक्रम कार्यान्वयन भैरहेको जानकारी दिदै देखिएका कमजोरी तत्काल सुधार्न प्रयत्न भएको उल्लेख गर्नुभयो । गण्डकी प्रदेश सरकारका भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयका सचिब नवराज शर्माले स्थानिय यातायात व्यबस्थापनका लागि स्थानिय तहका सरकार सहित व्यबस्थापन हेर्ने सरकारी संस्थालाई बढी भन्दा बढी जिम्मेवार बनाउन प्रयास भएको उल्लेख गर्दै प्राप्त गुनासा र सुझावलाई प्रभाबकारीताका साथ कार्यान्वयनमा लैजाने प्रतिबद्धता व्यक्त गर्नुभयो ।कार्यक्रममा सहभागीबाट समयमा सवारी अनुमति नबिकरण नहुनु , सबारी चाप बढी हुँदा व्यबस्थापनमा असहज भएको ,सबारीहरूको तिब्रगति र ओभरटेक ,बस स्टप व्यबस्थित हुन नसकेको , घुम्तीमा लेन्सको व्यबस्थापन ,लेन

अनुसासनका लागि कार्य गर्न , मालबाहक सबारीको पार्किङ ब्यबस्थापन लगायतका सुझाव प्राप्त भएको जिल्ला समन्वय अधिकारी नवराज बरालले बताउनुभयो । नागरिक समाजका अगुवा राम बहादुर पौडेलले सडक ब्यबस्थित बनाउन चालकहरू पहिले अनुसासित हुनुपर्ने कुरामा जोड दिनुभयो ।कार्यक्रममा यातायात ब्यबस्थापनका समस्या ,चुनौती र समाधानका प्रयासका सन्दर्भमा यातायात ब्यबस्था कार्यालय गण्डकीका प्रमुख ढाकाराम शर्माले अबधारणा प्रस्तुत गर्नुभएको थियो। शर्माले सबारी संख्यामा वृद्धि ,सदक पुर्बाधारको स्तरोन्नति नहुनु,आधुनिक सडक पूर्बाधारको कमि ,पर्याप्त पार्किङ अभाब ,बैज्ञानिक बाटो इजाजत ब्यबस्थापन ,सडक किनार अतिक्रमित हुनु ,सबारी प्रदुषणको अबस्था बढ्नु, र लापरबाहीपूर्ण सबारी साधन संचालन हुनु ,केही स्थानमा ब्यनसायीहरू बिचको अस्वस्थ प्रतिस्पर्धा प्रमुख समस्याको रूपमा देखिएको उल्लेख गर्दै समाधानका लागि भएका प्रयासको बारेमा जानकारी दिनुभएको थियो। कार्यक्रममा जिल्ला प्रहरी कार्यालय ,ट्राफिक प्रहरी कार्यालय ,राष्ट्रिय मानव अधिकार आयोग , यातायात ब्यबस्था कार्यालय ,यातायात ब्यबसायी तथा सम्बद्ध संघ संस्थाका प्रमुख , नागरिक समाज ,उपभोक्ता मन्च ,कास्कीका पालिकाहरूका प्रशाशकिय अधिकृत र प्रतिनिधि र संचारकर्मीहरूको उपस्थिति रहेको थियो। जिल्ला समन्वय समिति कास्कीका प्रमुख लिलाधर पौडेलको अध्यक्षतामा सम्पन्न कार्यक्रममा स्वागत उप प्रमुख सरिता माल र संचालन जिल्ला समन्वय अधिकारी नवराज बरालले गर्नुभएको थियो ।

४.८ वार्षिक कार्यक्रम सार्वजनिकीकरण तथा पत्रकार अन्तरक्रिया :

मिति २०८३ श्रावण २२ गते जिल्ला समन्वय समिति कास्कीले आ व ०८२/८३ मा सम्पनदित कामको प्रगति र आ व ०८३/८४ को वार्षिक कार्यक्रम सार्वजनिकीकरण कार्यक्रम सम्पन्न गरेको थियो । सो अवसरमा विभिन्न मिडिया हाउस तथा पत्रपत्रिका संचालक तथा पत्रकार गरी करिव ३५जना सहभागिहरुले वार्षिक कार्यक्रम वारे जिज्ञासा राखेका थिए ।

५. कार्यालय प्रमुख र सूचना अधिकारीको विवरणः

कार्यालय प्रमुखको नाम र पद : नवराज बराल / जिल्ला समन्वय अधिकारी

सुचना अधिकारीको नाम र पदः लक्षु शर्मा / शाखा अधिकृत

सूचना अधिकारीको सम्पर्क मो. नं : ९८५६००१५४४, इमेलः ddckaski@gmail.com

६. आम्दानी खर्चको विवरण (आ व ०८३/८४ प्रथम त्रैमासिक)

खर्च शीर्षक (व उ शी नं ३६५००१०५३)	आम्दानी	खर्च	वांकी रु.
पारिश्रमिक कर्मचारी पारिश्रमिक तथा पदाधिकारी सेवा सुविधा	१०००००००/-	३२१६२७०.५०	६७८३७२९.५०
निजी सचिवालय कर्मचारी पारिश्रमिक	४६२०००/-	११४६०९/-	३४७३९१/-

पानी विजुली संचार अन्य अनिवार्य दायित्व खर्च	३१००००० /-	६६१६६३.२०	२४३८३३६.८०
कार्यक्रम खर्च	४५०००० /-	१४००३० /-	३०९९७९० /-
अनुगमन भ्रमण खर्च	८००००० /-	९०१०० /-	७०९९०० /-
जम्मा रु	**१४८१२००० /-**	**४२२२६७२.७०**	**१०५८९३२७.३०**

आन्तरिक तर्फ

आम्दानी गत आ व को अल्या	**यस आ व को यस महिना सम्मको**	**जम्मा आम्दानी**	**जम्मा खर्च**	**वांकी रु**
१०५९०८३४९.०६	००.००	१०५९०८३४९.०६	११४७८३३७.०५	९४४३००१२.०१

७. विधमान ऐन नियम तथा कानुनहरु :

- ✓ नेपालको संविधान
- ✓ स्थानीय सरकार संचालन ऐन २०७४
- ✓ संघ प्रदेश र स्थानीय तह समन्वय तथा अन्तर सम्वन्ध ऐन २०७७
- ✓ अन्तर सरकारी वित्त व्यवस्थापन ऐन २०७४
- ✓ अनुगमन तथ मुल्यांकन ऐन २०८०
- ✓ गण्डकी प्रदेश स्थानीय तह सभा संचालन सम्वन्धि कार्यविधी ऐन २०७५
- ✓ दुगां गिटी वालुवा उत्खनन विक्रि तथा व्यवस्थापन मापदण्ड २०७७

.....

लक्षु शर्मा
सूचना अधिकारी

.....

नवराज वराल
जिल्ला समन्वय अधिकारी